ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

# बर्दियाका स्थानीय सरकारले मुक्त कमैयाका लागि नीतिगत व्यवस्था र बजेट विनियोजनको अवस्था

**डिल्ली बहादुर बि.सी.***

**DOI:** *https://doi.org/10.3126/academia.v4i2.82979*

***** Dilli Bahadur B.C., PhD Research Scholar, Nepal Sanskrit University, Beljhundi, Dang
*Corresponding Author: dillibc@gmail.com
Article History: Received: March. 09, 2025 Revised: June. 02, 2025 Received: August. 06, 2025

**लेखसार**

शासन व्यवस्था परिवर्तनको विभेदको पहिलो कष्ठ भोग्ने वर्ग मुक्त कमैया भएको छ। संघ र प्रदेश सरकारले २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र मार्फत तीन तहको सरकार भएपश्चात तत्कालिन एकात्मक शासन व्यवस्थाका आधारमा निर्माण भएका मुक्त कमैयासँग सम्बन्धि कानुन हालसम्म परिवर्तन भएका छैनन्। संघीय सरकारका तर्फबाट नीतिगत रुपमा २०७४ साल देखि मुक्त कमैयाको पहिचान, पुर्नस्थापना तथा उनीहरुको बृद्धि विकास ठप्प जस्तै भएको छ। यो कार्यभार बाध्यकारी तथा जनताको नजिकको सरकारको स्थानीय सरकारले मुक्त कमैया, कमलहरी र उनीहरुका आश्रित परिवारका पक्षमा काम गर्नु पर्ने नीतिगत र विधि संवत् भएकोले पहिलो पटक यस अध्ययनमा स्थानीय तहले दोस्रो पटक जनप्रतिनिधि निर्वाचित भएको अवधिमा २०८०/०८१ एक वर्षको पारित नीति तथा कार्यक्रम र बजेट बिश्लेषण गर्न जरुरी ठानिएको हो। यसका आधारबाट मुक्त कमैयाको बसोवास रहेका अन्य स्थानीय सरकारका लागि पनि जानकारी मूलक उपयोगी हुने र मुक्त कमैयाका लागि पनि नजिरका रुपमा यो अध्ययन सहयोग बनेको छ। यसले मुक्त कमैया र अन्य वर्गलाई सँगसँगै सेवा र नीतिमा संबोधन गर्नु तर्कसँग नभएको पनि प्रष्ट पार्दछ। तसर्थ मुक्त कमैया विशेष परिस्थितिको उपजको वर्ग हो। यसलाई विषेश तरिकाबाट संबोधन(पुनःस्थापना तथा बृद्धि विकास) गर्नुपर्ने देशको संबैधानिक व्यवस्था अनुसार स्थानीय सरकारले पनि विशेष मार्फत मुक्त कमैयालाई पुनःस्थापना र सेवा प्रदान गर्नु पर्दछ।

***शब्दकुञ्जी*** : कमैया, कमलहरी, स्थानीय सरकार, जमिन्दार, करिया मुक्त, दासदासी

## पृष्ठभुमि

मानवले मानवलाई बन्धक बनाएर राख्ने कुप्रर्थाको अन्त्य चन्द्र शम्शेरको पालामा भएको थियो। नीतिगत रुपमा १९१० को मुलुकी ऐनमा दासदासी कसैले कसैलाई बनाउन पाईने छैन भन्ने व्यवस्थाबाट शुरुवात भएको पाईन्छ। विशेष गरी १९८१ साल मङ्सिर १४ गते शुक्रबार (सन् १९२४ नोभेम्बर २८) का दिन दास मुक्तको इतिहासले प्रमाणित गर्दछ। त्यतिबेला ५१ हजार ५१९ करिया मुक्त (अमलेख) गरिएको इतिहास पाइन्छ। वि.सं. २०४७ साल पछि पश्चिम तराईमा रहेको कमैया पर्था अन्यका लागि मानव अधिकारवादी संघ संस्थाहरुले यस विषयमा गोप्य रुपमा कमैया समुदायलाई सचेतीकरण गर्ने कार्य गर्दै आए। कमैयाहरु संगठित हुन लागे। मुक्तिको आवाज उठाउन लागे। पहिलो पटक २०४७ साल जेठ १९ गते कैलालीबाट जमिन्दार शिवराज पन्तका घरबाट कमैया मुक्तिको व्यवहारिक मुक्तिको अभियान सुरु भयो।

कानुनले बन्देज गरेको भएपनि जमिन्दारले कमैया राखेका कृषि श्रमिकलाई सरकारले वि.सं.२०५७ श्रवण २ गतेका दिन औपचारिक रुपमा मुक्तिको घोषणा गरेको थियो। यसै सन्दर्भमा सरकारले कमैया मुक्त गरे पनि मुक्त कमैयाको पुनःस्थापनका लागि बनेका नीतिका आधारमा अझै पनि पुनःस्थापन नभएको कुरा सरकार र मुक्त कमैया दुबै पक्षले स्वीकार गरेका छन्।

२०६३ सालको लोकतान्त्रिक संघर्षका सबै तह, वर्ग क्षेत्रको योगदान रहेको थियो । परिणाम स्वरुप संघीयता लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भयो । संविधान सभाबाट २०७२ का नयाँ संविधान जारी भएपछि संबैधानिक रुपमा ३ तहको सरकार संघ, प्रदेश र स्थानीय गरी रहको छ । सबै तहको आ-आफ्नो क्षेत्राधिकार र संयुक्त अधिकार छन् । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार नै रहेको छ । स्थानीय सरकारका संबैधानिक अधिकारलाई स्थानीय सरकार संचालन ऐन २०७४ का नीतिगत अधिकार व्यवहारिक रुपमा उपयोग गर्दै आएका छन् । बर्दिया जिल्लाका दुई वटा नगरपालिका र दुईवटा गाउँपालिकाले मुक्त कमैया, कमलहरीको पुनःस्थापन, रोजगारी, शिक्षा लगायतका समग्र सवाललाई सम्बोधन हुने खालका नीति तथा कार्यक्रम र बजेट विनियोजनको अवस्था ती चारवटा बढैयाताल र गेरुवा गाउँपालिका, राजापुर र बाँसगढी नगरपालिका सरकारले के कस्ता नीतिगत व्यवस्था गरेका छन् । साथै ती नीतिका आधारमा के कति बजेटको विनियोजन गरिएको छ भनि एक अध्ययन गर्ने प्रयास गरिएको छ ।

**समस्या कथन**

थारु समुदाय प्राकृतिक स्रोत जल, जंगल र जमिनमा पूर्ण आश्रित रहेका थिए । मुक्त कमैया करिब ९८ प्रतिशत सबै थारु समुदायका रहेका छन् । बर्दिया जिल्लामा थारु समुदायका ठूला किसान तथा जमिन्दारहरु समेत आफ्नो खेतवारी तथा घरयासी कामकाजका लागि कामदार प्रयोग गर्ने गलत संस्कृतिको विकास भयो । आर्थिक अवस्था कमजोर भएका परिवारका जसको वर्ष भरी खान पनि पुग्दैनथ्यो । त्यसैमा लत्ता कपडा स्वास्थ्य उपचारका लागि उनीहरुसँग अन्य आम्दानी नभए पछि सोका लागि जमिन्दारसँग किसानले ऋण तथा सापटी स्वरुप लिएको पैसाका माध्यमबाट दासता बस्नु पर्ने किसानको बाध्यता थियो भने जमिन्दारका लागि किसानदा कृषि श्रम दास बनाउन सहज भएको थियो । लिएको ऋणलाई मालिक तथा किसानहरुबाट व्याज जोडी दोब्बर बनाईने गरिन्थ्यो । (चौधरी, चन्द्रप्रकाश)

कर्जा फर्काउन सक्दैनथे बाध्य भएर फेरी त्यही मालिकको घरमा बाँधा श्रमिकका रुपमा काम गर्न बाध्य हुन्थे । त्यही कृषि श्रमिकलाई कमैया भन्ने गरियो । विशेष गरी तराईका दांङ्ग, बाँके, बर्दिया, कैलाली र कंचनपुरमा यो पर्थाको रुपमा विकास भयो । थारु समुदायको नयाँ वर्ष माघी पर्वका दिन ऋण अर्को जमिन्दारले भुक्तानी गरिदने र त्यो ऋणी कमैया जसले ऋण तिरिदियो उसैको घरमा माघ १ गतेदेखि पुनः मालिक परिवर्तन गरी कमैया बस्ने सम्मको चलन थियो ।(थारु, राजेन्द्र)

यो कमैया प्रथा मानव माथिको गैरमानवीय व्यवहार थियो । वि.सं. २०४६ सालको पजातन्त्रको पुर्नस्थापना पश्चता मानव अधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, जिफन्ट लगायतका मजदुर संगठनको पहलमा गाउँका केही कमैयाहरु विस्तारै संगठित भए । नेपाल सरकारले २०५७ साल श्रावण २ गते कमैया औपचारिक रुपमा मुक्त घोषण गरेको थियो । घोषणा गर्दा कमैयाले सम्पूर्ण सौकी, कर्जा समेत मिनाह हुने र कमैया राख्ने कार्यलाई दण्डनीय र मुक्त घोषण भएका मुक्त कमैयाको व्यवस्थित पुनःस्थापना गर्न नीति बन्यो ।(२०५८, कमैया (श्रम निषेध गर्ने सम्बन्धि) ऐन)

सरकारी तथ्यांङ्ख अनुसार बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ जिल्लामा मुक्त कमैया परिवारको संख्या ३२ हजार ५०९ रहेको छन् । जसमा बासका लागि बढी ५ कठ्ठासम्म घरबास जमिन, ३५ क्यूफिट काठ र १० हजार नगद रकम दिइएका मध्ये सहित पुनःस्थापनाका अध्ययन नीति समेतका २७ हजार ५७० जना मात्र पुनःर्स्थापना भएका छन् । अझै सरकारी तथ्याङ्क अनुसार ५४९ पुर्नस्थापना हुन बाँकी देखिन्छन् ।

यसर्थ स्थानीय सरकार मुक्त कमैयाको समग्र सवालहरुमा जिम्मेवार बन्नु पर्ने देखिन्छ कि, कमैया मुक्त २०५७ साउन २ गते गरेको छ । कमैया कमैयाको पुर्नस्थापनाको कमैया (श्रम निषेध सम्बन्धि) ऐन २०५८ फागुनमा जारी भया । यसैगरी कमैया पुनःस्थापनाको बाँकी कामका लागि आयोग गठनका लागि आदेश २०६५ सालमा जारी गरेको थियो । यो ७ वर्षसम्म कमैया कहाँ बसे, के खाए, कसरी व्यवस्थापन गरे, सरकार नीतिगत रुपमा वेखबर रहेको थियो । विडम्बनाको कुरा त सरकारले कमैया श्रम निषेध गर्न बनेको ऐन जारी गरेको एक दशक पार भएपछि २०६८ सालमा मात्रै कमैया श्रम निषेध गर्ने नियमावली जारी गरेको छ । (बि.सी. डिल्लीबहादुर) संघीय शासन व्यवस्थाको विभेदको पहिलो कष्ठ भोग्ने वर्ग मुक्त कमैया भएको जस्तो छ । संघ र प्रदेश सरकारले २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र मार्फत तीन तहको सरकार भएपश्चात नीतिगत रुपमा २०७४ साल देखि मुक्त कमैयाको पहिचान, पुर्नस्थापना तथा उनीहरुको बृद्धि विकास ठप्प जस्तै भएको छ । यो कार्यभार बाध्यकारी तथा जनताको नजिकको सरकारको स्थानीय सरकार भएको कारण पनि स्थानीय सरकारले मुक्त कमैया, कमलहरी

र उनीहरुका आश्रित परिवारका पक्षमा काम गर्नु पर्ने नीतिगत र विधि संवत् भएकोले पहिलो पटक यस अध्ययनमा स्थानीय तहले एक वर्षको पारित नीति तथा कार्यक्रम र बजेट विश्लेषण गर्न जरुरी ठानिएको हो ।

**अध्ययनको तर्कसंगतता**

कमैया मुक्त गर्दाको समयमा नेपालमा शासन प्रणाली केन्द्रिकृत शासन व्यवस्थामा थियो । तत्कालिन समयमा जिल्लाले केन्द्रको प्रतिनिधित्व गर्ने गर्दथ्यो । केन्द्रले जिल्लालाई दिएको अधिकारका आधारमा जिल्लाले गाविस मार्फत बस्ती र व्यक्तिसम्म केन्द्रको कुरा पुग्ने गर्दथ्यो । गाविस वा जिल्ला तहका नीतिको केवल कार्यान्वयन मात्रै गर्ने अधिकार थियो । तर २०७२ सालमा लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपश्चता तीन तहको सरकार मध्ये नागरिकको दैलोको सरकार स्थानीय सरकार स्थापित भई २०७४ सालमा पहिलो पटक निर्वाचन मार्फत कार्यपालिका, न्यायपालिका र विधायी कार्य सहितको सरकार स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार दैलोको सरकार छ ।

कमैया कमैया घोषणा गरेको २३ वर्ष पुग्दा पनि मुक्त कमैयाहरुको हालसम्म पनि पूर्ण पुनःस्थापना भएको छैन । कक्त कमैया, कमलहरी, हलिया, हरवाचरवाको वस्तिुस्थिति अध्ययन प्रतिवेदन २०७८ले समेत पहिचान, पुनःस्थापनाका लागि सरकारलाई सुझाव समेत दिएको छ । बर्दिया जिल्ला ८ वटा स्थानीय तह रहेका छन् । गेरुवा र बढैयाताल गाउँपालिका छन भने अन्य ६ वटा नगरपालिका रहेका छन् । गुलरिया, राजापुर, मधुवन, ठाकुरबाबा, बारबर्दिया र बाँसगढी नगरपालिका रहेका छन् । यस अध्ययनमा मुक्त कमैयाको बढी बसोवास रहेको राजापुर नगपालिका र कम बासोबास रहेको बाँसगढी नगरपालिका तथा दुई वटा मात्रै गाउँपालिका जहाँ मुक्त कमैयाको उल्लेख्य बसोबास रहेको यी पालिकालाई अध्ययनको क्षेत्र बनाइएको छ ।

अधिकार दृष्टिकोणले तत्काल अति जोखिममा रहेको मुक्त कमैया पुर्नस्थापना हुन आवश्यक छ । मुक्त कमैयाको गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गरी आत्मनिर्भर तथा स्वरोजगार बनाई आत्म सम्मान सहितको वाँच्न पाउने वातावरण सृजना गर्ने जिम्मा संवैधानिक, कानुनी र व्यवहारिक रुपमा स्थानीय तहको जिम्मेवारी हो । आफ्ना नागरिकको आधारभूत आवश्यकता परिपूर्ति गर्ने दायित्व सरकारको हुन आउछ । यसर्थ सरकारलाई उत्तरदायि तथा जवाफदेही ठानी काम गर्नु पर्ने स्थानीय सरकारको काम व्यवस्था परिवर्तन पश्चात कस्तो छ । कति जिम्मेवार छन् । नीतिमा कार्यक्रममा र बजेटमा कुक्त कमैया र मुक्त कमलहरीको पक्षमा स्थानीय सरकार स्थापित भएको ६ वर्ष पुगिसक्दा समदुरी, सहअस्थित्व, सहभागिता, समावेशीता यो वर्गका लागि स्थानीय सरकारको व्यवहारिक कार्यान्वय अध्ययन गर्नु र जस्ताको त्यस्तै आमसचेतीकरण तथा दस्तावेजका लागि यो अध्ययन अपरिहार्य रहको छ ।

**अध्ययनको उद्देश्य**

लोकतान्त्रिक गणतन्त्रको स्थापन र संघीय संरचनामा संरचनानुसार मुक्त कमैयाको पक्षमा भए गरेका नीति तथा बजेटको अवस्था अध्ययन गरी सुझावका आधारमा आगामी पैरवीको कार्यक्रम तय गर्नका लागि सहयोग दस्तावेजन निर्माण गर्ने ।

१. मुक्त कमैयाका विषयमा स्थानीय सरकारले नीति तथा कार्यक्रमले संबोधन गरेको छ की छैन । यदि नीति तथा कार्यक्रमले संबोधन गरेको छ भने कसरी, कुन स्थान विशेष र के विषय(सवाल) लाई प्राथमिकता दिएको छ ।

२. स्थानीय सरकारले नीति तथा कार्यक्रम पारित गरेको भए सोही बमोजिमको बजेट छ । अथवा नीति तथा कार्यक्रम विना नै बजेटले संबोधन गरेको छ । यदि बजेट विनियोजन छ भने कसरी, कुन सेवा र सुविधाको छ ।

३. लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात स्थानीय निकाय संरचना, स्रोत र नीतिगत आधारमा कार्यपालिका, व्यवस्थापकीय र न्यायीक अधिकार प्राप्त स्थानीय सरकारले मुक्त कमैयाको बृद्धि विका, सेवा सुविधा तथा अन्य नीतिगत र कार्यक्रमिक रुपमा के कस्तो नीति तथा कार्यक्रम र बजेटमा समावेसी, सहभागिता गरेका छन् वा छैनन् भन्ने अध्ययन गर्ने ।

**अध्ययनको क्षेत्र**

बर्दिया जिल्लाका चार वटा स्थानीय तहहरु बढैयाताल, गेरुवा गाउँपालिका, राजापुर र बाँसगढी नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट विनियोजनमा मुक्त कमैयाका पक्षमा, उनीहरुको बृद्धि विकास, आयआर्जन, बास, गाँस, रोजगारी, शिक्षा,

स्वास्थ्य, पहिचान तथा समग्र विकासका लागि नीतिगत व्यवस्थाको अवस्थाको विश्लेषण र बजेट विनियोजनको व्यवस्थाको अध्ययनका निम्न क्षेत्रहरु रहने छन् ।

(क) मुक्त कमैयाको पक्षमा राजापुर र बाँसगढी नगरपालिका साथै बढैयाताल र गेरुवा गाउँपालिकामा रहेका मुक्त कमैयाको आर्थिक सामाजिक अवस्था लेखाजोखा गर्ने ।

ख) मुक्त कमैयाको पक्षमा राजापुर र बाँसगढी नगरपालिका साथै बढैयाताल र गेरुवा गाउँपालिकामा रहेका मुक्त कमैयाका लागि सरकारले गरेका प्रयास तथा छुटेका विषय बस्तुहरुका वारेमा अध्ययन तथा विश्लेषण गर्ने ।

ग) स्थानीय पालिका नीतिका आधारमा के कति बजेट विनियोजन भएको छ सोको अध्ययन गर्ने र विश्लेषण गर्ने ।

**अध्ययनको औचित्य**

बर्दियाका स्थानीय तहहरुले मुक्त कमैया, मुक्त कमलहरी र उनीहरुका आश्रित परिवारको पुनर्स्थापना, आर्थिक, सामाजिक, पुनःस्थापना, रोजगारी, सिप विकास, शैक्षिक अवस्थाका साथै समग्र अवस्थामा नीति तथा कार्यक्रम र बजेटले पारेको प्रभावको प्राज्ञिक रूपमा अध्ययन हुँदा यो वर्ग र समुदायको पक्ष पनि स्थानीय सरकारले काम गर्न सजिलो हुनुका साथै यस स्थानीय सरकारको समतामूल समाज निर्माण गर्दै घरदैलोमा नै सरकार हुँदाको प्रभाव मूल्याकनमा पनि सहयोग हुने छ ।

(क) जिल्ला तहमा रहेका मुक्त कमैयाको पक्षमा काम गर्ने सबै संरचना नभएको समयमा सर्वाधिकार सम्पन्न स्थानीय सरकारले मुक्त कमैयाको पक्षमा नीतिगत र बजेटको माध्यमबाट पुनःस्थापना भएका र नभएका मुक्त कमैया, मुक्त कमलहरी र उनीहरुका परिवारका पक्षमा भएका कामको सकारात्मक  महसुस हुने छ,

(ख) मुक्त कमैया र मुक्त कमलहरीको पक्षमा नीति तथा कार्यक्रम र बजेट विनियोजन भई उनीहरुका पक्षमा सेवा र सुविधा प्रदान गर्दा स्थानीय सरकार नागरिकको समतामूलक, समावेसी र संघीताको मूल मर्मको व्यहारिक रुपमा विश्वास योग्य स्थापित हुनेछ,

(ग) जिल्ला र केन्द्रीय तहमा मुक्त पुनःस्थापना, सिप विकास, रोजगारी तथा पुनःस्थापनाका बाँकी काम अधुरो रहने चिन्ता मुक्त कमैया र कमलहरीमा भएको समयमा त्यस प्रकारको भ्रम हैन स्थानीय सरकार अधुरा र बाँकी कामका साथै नयाँ योजना मार्फत उनीहरुका पक्षमा काम गर्ने छन् भन्ने कुराको जानकारी समेत दस्तावेज हुने र यहाँको कार्य अन्य पालिकाका लागि पनि अनुसरणका लागि सहयोगी हुनेछ ।

**अध्ययनको सीमा**

यो अध्ययन बर्दिया जिल्लाका चार वटा पालिकाको २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेटको सेरोफरोमा मात्रै हरनेछ । यो अध्ययन एक विषय र सवालमा एकै जिल्लाका फरक भुगोल र अधिकारको प्रत्योजन पनि फरक रकेका गाउँपालिका र नगरपालिकाको समान वर्षको नीति तथा कार्यक्रम र बजेट विनियोजनको अवस्था अध्ययनको प्राज्ञिक विधिको गरिएको छ । यो अध्ययन नीति विश्लेषण र स्थानीय सरकारले विनियोजन गरेको बजेटका अवस्था अध्ययन र विश्लेषण मात्र हुने छ । यस अध्ययनका आधारमा प्राप्त तथ्यका आधारमा नीतिगत पैरवीका लागि सहयोग बन्ने विषयगत सिमितता हो । यसले प्राप्त गर्ने तथ्य भनेको विद्यमान नीतिका उपलब्धता, प्रयाप्तता र अगुगताको अध्ययन हो । स्थानीय सरकारले योजना सहित वा योजना विनै मुक्त कमैया, कमलहरीका लागि विनियोजन गरेका बजेट अध्ययन गरिएको छ । यो अध्ययन पत्र सम्वन्धित स्थानीय सरकारका लागि र सम्वन्धित  समुदाय, मुक्त कमैया कहलहरीको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्था, समुदायका अगुवा, राजनीति दल तथा विशेषगरी जनप्रतिनिधिका लागि समेत, मनन्योग्य, विवेचना योग्य र प्राज्ञिक विषयका लागि सन्दर्भ सामग्रीका रुपमा  पनि हुने छ ।

**पूर्वकार्यको समीक्षा**

यस अध्ययनका लागि सम्पूर्ण विषयको स्रोत स्थानीय तहले पारित गरेका नीति तथा कार्यक्रम र बजेटकै विषय मात्रै रहेका छन। गाउँपालिका र नगरपालिकाको अधिकार स्थानीय सरकार संचालन ऐन २०७४को अधिकार प्रयोग गरी मुक्त कमैया, कमलहरी र उनीहरुका परिवारको बसोबास, बृद्धि विकास, जीविकोपार्जन, रोजगारीका र पुर्नस्थापनका लागि नेपालको संविधान र कानुनको परिधिमा रहेर नीति बनाउने, कार्यक्रम गर्ने र सोही अनुसारको बजेट विनियोजनको व्यहारिक भन्दा कानुनी व्यवस्था रहेको छ। यसको व्यवहारिक पक्षमा केलाउनका लागि मिल्दा जुल्दा र सम्बन्धि दस्तावेजको अध्ययन गरिएको छ।

मुक्त कमैयाका बारेमा संविधानले प्रष्टसँग उल्लेख गरेको नेपालको संविधान २०७२ को भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व को ५१.राज्यको नीतिहरुः राज्यले देहायका नीतिहरु अवलम्बन गर्नेछ भनिएको छ। जसका अन्तर्गत (ञ) सामाजिक न्याय, समावेशीकरण सम्बन्धी नीति को (६) मुक्त कमैया, कम्लहरी, हरवा, चरवा, हलिया, भुमिहिन, सुकुम्बासीहरुको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापन गर्ने, (२०७२, नेपालको संविधान)

मुक्त कमैया, कमलहरीको पहिचान र पुनर्स्थापना नीति नियम तथा निर्देशका बमोजिम सेवा सुविधा नपाएको अवस्था भने मुलुक संघीय शासन व्यवस्थामा स्थानीय सरकार सबैभन्दा दैलोको सरकार भएकोले बसोबास, जीविकोपार्जन, रोजगारीको निश्चिताका साथै पुर्नःस्थापनाको जिम्मेवारी बहन गर्नु पर्ने देखिन्छ। यो सबैभन्दा नीति निर्माण र सेवा प्रवाहका लागि स्थानीय सरकारको आधार रहेको छ।

यसैगरी नीतिगत रुपमा कमैया श्रम निषेध गर्न, मुक्त कमैयालाई पुनर्स्थापना गर्न र सामाजिक न्यायको दृष्टिकोणले कमैयाको व्यवस्था गर्न आवश्यक भएकोले नेपाल सरकारले ऐन जारी गरेको छ। मुक्त कमैयाका पुनःस्थापनाका लागि तत्कालिन अधिकार सम्पन्न जिल्लामा रहेका सरोकारवाला निकाय शासन व्यवस्था अनुसारका खारेजी र भुमिका परिवर्तन भएको अवस्थामा देशको मुल कानुन संबैधानिक व्यवस्थाका आधारमा मातहतका प्रदेश सरकार वा स्थानीय सरकारले पुर्नस्थापना गर्ने जिम्मा दिन आवश्यक रहकोले मुक्त कमैया र कमलहरीका लागि आवश्यकता अनुसार छुट्टै नीति, निर्देशका तथा कार्यविधिहरु निर्माण गरेर वा बार्षिक नीति तथा कार्यक्रमका आधारमा सेवा सुविधा दिनु पर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ। (२०५८, कमैया श्रम (निषेध गर्ने सम्बन्धी) ऐन)

मुक्त कमैया पुनःस्थापनाका लागि देशको प्रमुख योजनाका रुपमा रहेको चौधौ पञ्चवर्षीय योजनाको रपरिच्छेद-४, क्षेत्रगत विकास नीतिहरू ४.१.४ भूमिसुधार (२) चुनौती तथा अवसरः चुनौती वैज्ञानिक भूमिसुधार कार्यान्वयन गरी कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नु,...भूमिसम्बन्धी अभिलेखहरूलाई व्यवस्थित गर्नु र मुक्त कमैया तथा हलियाको शीघ्र पुनःस्थापन गर्नु भूमिसुधार र व्यवस्था क्षेत्रका मुख्य चुनौती महशुस हुँदा (२०७६ चौधौ पञ्चवर्षीय योजना)

चौधौ पञ्चवर्षीय योजनाको परिच्छेदः ६ अन्तरसम्बन्धित विकास नीतिहरू ६.१.१ लैगिंक समानता तथा महिला सशक्तीकरण ३.५ कार्यनीतिः (१६) वादी, कमलरी, कमैया, चेपाङ र राउटेलगायत वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक- सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ भन्ने व्यवस्था रहे पनि व्यवहारिक कार्यान्वयन नभएका कारण हाल सम्म पनि मुक्त कमैयाको पुर्नस्थापनको सवाल पूर्ण सम्धोन हुन नसकेको ठम्याई रहेको छ। देशको संस्था विकासको खाका पञ्चवर्षीय योजको १५ औ योजना २०७६-२०८१ नीति नं. ६.१.४ भूमि व्यवस्था**को** ४. ४ को रणनीति २ को कार्यनीति नं २ मा मुक्त कमैया, मुक्त हलियाको जीविकोपार्जन केन्द्रीत पुनर्स्थापना कार्यक्रम तथा मोही र जग्गाधनिबीच जग्गा बाँडफाँड गरी लगत कट्टा गर्ने कार्य सम्पन्न गरिने छ। यसैका व्यवस्था अनुसार पनि स्थानीय सरकार तथा राष्ट्रिय भूमि सम्वन्धि समस्या समाधान आयोगलाई समयमै कार्यान्वन गराउन दवाव सृजना गरी आवश्यक सहयोग गर्न आवश्यक देखिन्छ। (२०७६-२०८१, पन्ध्रौं पञ्चवर्षीय योजना)

भूमिहिन मुक्त कमैयालहरुलाई जग्गा खरिद गर्न कैलाली र बर्दिया जिल्लामा केही मुक्त कमैयालाई पुनर्स्थापना गर्ने कार्य बाँकी नै रहेकोमा अनुदान रकम नै दिई मुक्त कमैयालाई यथाशिघ्र पुनःस्थापना गराउन, किसान, सुकुम्वासी जोताहा किसानले अतिक्रमण गरेका, निकुन्ज र करिडोर क्षेत्रमा परेको डुवान क्षेत्रमा परेको वा बाढी पहिरोमा परेको हुँदा तिनिहरुलाई सम्भव भए सम्म अर्को जग्गा सट्टा भर्ना दिन र सम्भव नभएमा जग्गा खरिद गर्न अनुदान रकम दिई मुक्त कमैयाको समस्या समाधान गर्न यो कार्यविधिको बान्छनिय भएकोले तयार गरेको प्रस्तवना खण्डकै आधारलाई मुर्त रुपम दिनका लागि स्थानीय

सरकारले बजेट विनियोजन गरी मुक्त कमैया र उनीहरुका परिवारका लागि सेवा प्रदान गर्ने आधारशीला नीतिगत रुपमा रहेको छ। ( २०६८, भूमिहिन मुक्त कमैयालहरुलाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्वन्धि कार्यविधि)

## शोध विधि

यो अध्ययन संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात तीन तहका सरकार मध्ये प्रदेश र संघीय सरकारले नीति तथा कार्यक्रममा मुक्त कमैयाको सवालमा प्राथमिकता नदिएको अवस्थामा स्थानीय सरकारको दोस्रो आवाधिक निर्वाचनको पनि दोस्रो वर्षमा बर्दिया चार वटा स्थानीय सरकारले मुक्त कमैया, कमलहरी र उनीहरुका आश्रित परिवारको पुनःस्थापना, पहिचान, बृद्धि विकास लगायतका समग्र विषयमा के कति कस्ता नीति तथा कार्यक्रम र बजेट विनियोजन साथै त्यसका आधार पहिल्याउनका लागि विषय विश्लेषण अनुसन्धान ढाँचा को प्रयोग गरिएको छ।

### तथ्याङ्कको श्रोत

यस अध्ययनमा आगमनात्मक विधिबाट तथ्यहरुको संकलन गर्ने कार्य गरिएको छ। यसमा तथ्यहरु स्थानीय सरकारले सार्जजनिक गरेका नीतिगत तथा बजेटको पक्षलाई तर्क संवत् तरिकाले तथ्यको समान्यीकरण गरी निष्कर्ष निकालिएको छ।

### जनसंख्या र नमुना

यस अध्ययनकालागि बर्दिया जिल्लाका कुल मुक्त कमैयाको संख्या १४,४९९ रहेको छ। उनीहरुको बसोबास सबै पालिकाहरुमा रहेको छ। तर बाँसगढी र राजापुर नगरपालिका र बढैयाताल र गेरुवा गाउँपालिकाको २०८०/०८१ को अन्य क्षेत्रका नीति तथा कार्यक्रम र बजेट भन्दा गाउँपालिका र नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटबाट सूचना संकलन गरिएको छ।

## तथ्याङ्क विश्लेषण

बर्दिया जिल्लाका स्थानीय सरकारका रुपमा रहेका ४ वटा पालिका मध्ये २ वटा नगरपालिका र २ वटा गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा मुक्त कमैया, मुक्त कमलहरी र उनीहरुका परिवारलाई गरिएको नीतिगत व्यवस्था र नीति अनुसार वा नीति तथा कार्यक्रम विनै पनि बजेट विनियोजनको अवस्था विश्लेषण।

मुक्त कमैयाको अधिक बसोबास रहेको बर्दिया जिल्ला हो। यस जिल्लामा सरकारले मुक्त कमैयाको वि.सं.२०५२, २०५७ र २०५९मा तथ्याङ्क संकलन गरेको छ। मुक्त कमैया पहिचान सहितको परिचयपत्र पाएका परिवार संख्या १४हजार ४९९ रहेको छ। सरकारले नै पुर्नस्थापना गरको मुक्त कमैया परिवार संख्या ११ हजार ५५१ रहेको छ। यस जिल्लामा गाउँपालिकाहरु बढैयाताल र गेरुवा र नगरपालिका राजापुर र बाँसगढी नगरपालिकाल बसोबासले मुक्त कमैयाका पक्षमा नीतिगत रुपमा गरिएको व्यवस्था र सोही अनुसार विनियोजन गरिएको बजेटको आंकडा निम्न प्रकारको रहेको छ। यसमा बर्दिया जिल्लाको भुगोलका हिसाबले पनि नदिपारीका गेरुवा गाउँपालिका र राजापुर नगरपालिका र सदरमुकाम गुलरिया भन्दा पूर्वमा रहेका बाँसगढी नगरपालिका र बढैयाताल गाउँपालिकाको नीति र बजेटको नतिजा यस प्रकार रहेको छ। यहाँ पालिकाको नीति र त्यस पश्चात मुक्त कमैया र उनीहरुका परिवारसँग जोडिने बजेट शिर्षक समेतलाई समावेस गरिएको छ।

### बाँसगढी नगरपालिका

**नीति तथा कार्यक्रम २०८०/०८१:** "सुन्दर, हरियाली र सफ सहर, समृद्ध र मसुन्नत बाँसगढी नगर" यस नगरपालिकाको मुल नारा रहेको छ। यस नगरपालिकाको नीति तथा कार्यक्रमका निम्न बुद्दामा मुक्त कमैया र कमलहरीका

साथै उनीहरुका आश्रित परिवारलाई संबोधन गरिएका र एकल संबोधन गरिएका नीतिहरु अध्ययनका क्रममा यस प्रकारका रहेका छन् ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.७.** मा नगरपालिका भित्र रहेका विपन्न, अपांगता भएका व्यक्ति, दलित, मुक्त कमैया, कमलहरी, भूमिहिन, द्वन्द्वपीडित, असाहाय बालबालिकालाई उच्च प्राथमिकता दिदै शिक्षामा पहुँचको विकास गर्न स्थानीय सरकार छात्रवृति कार्यक्रम संचालन गरीने छ । विपन्न विद्यार्थीलाई खाजा, पोशाक र स्टेशनरी समेत उपलब्ध गराउने नीति अवलम्वन गरिने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.२२.** निम्न वर्गीय, मुक्त कमैया, कमलहरी, द्वन्द्वपीडित र पिछडीएका व्यक्तिहरुलाई खाद्यन्न तथा तरकारी बीउ विजनमा अनुदान प्रदान गरी व्यवसायिक उत्पादनमा सहभागि गराई स्वरोजगार गराईने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.३७.** निम्न वर्गीय, मुक्त कमैया, कमलहरी, द्वन्द्वपीडित र पिछडीएका लगायतका पशुपालकहरुका लागि व्यवासायिक पशुपंक्षी प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.६८.** एकल महिला, अपांगता भएका व्यक्ति, द्वन्द्वपीडित, दलित, मुक्त कमैया, मुक्त कमलहरी, अल्पसंख्यक, पिछडीएको क्षेत्र तथा तेस्रो लिंङ्गिहरुलाई आय आर्जनका क्रियाकलापमा सहभागि गराउन सीप विकास र प्राविधिक सहयोगको नीति लिईने छ ।

**नीति अनुसारको बजेट विनियोजन**

बाँसगढी नगरपालिकाको २०८०/०८१ को वार्षिक कुल बजेट ९४ करोड ९ लाख ९१हजार १२० मा मुक्त कमैया वर्गका लागि बजेट तथा कार्यक्रमहरु मुक्त कमैया, कमलहरी र उनीहरुका परिवारका लागि बजेट विनियोजनको अवस्था :

तालिका नं. १

| क.सं. | योजना तथा कार्यक्रम | श्रोत | रु हजारमा |
|---|---|---|---|
| १००. | मुक्त कमैया दुर्गाफाँटाबीचगाउँ सडक निर्माण वडा नं ९ क्रमागत | आन्तरिक | १२३८ |
| २२६ | प्रगतिनगर मुक्त कमैया टोलमा ग्रावेल वडा नं ६ | | १५० |
| ४७४ | मुक्त कम्लहरी, मुक्त कमैया, विपन्न वर्ग दलित तथा द्वन्द्व पिडीत कृषकहरुलाई खाद्यन्न तथा तरकारी वीउँमा सत प्रतिशत अनुदानमा सहयोग तथा प्रविधि प्रसार कार्यक्रम | | ४०० |

यस नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटबीचको कुनै सम्बन्ध नभएको देखिन्छ । नीति तथा कार्यक्रममा समावेस गरिएका विषयमा बजेट विनियोजन गरिएको छैन । यसका साथै नीतिमा पनि एकल मुक्त कमैया, कमलहरी वा उनीहरुका आश्रित परिवारका लागि शिषेश नीति उल्लेख गरिएको छैन । तरपनि नीति तथा कार्यक्रमका शिर्षकमा बजेट विनियोजन छैन । बजेट विनियोजन लक्षित समुदायका लागि समग्रमा गरेको अवस्थामा लक्षित समुदायलाई आपसी कलह आउने खालको भएकाले ति लक्षित समुदायका लागि छुट्टा छुट्टै कार्यकम बनाएर बजेट विनियोजन छैन । बजेट विनियोजन हुनसाथ कार्यान्वयन हुनेमा पनि निश्चिता देखिदैन ।

**बढैयाताल गाउँपालिका**

**नीति तथा कार्यकम २०८०/०८१:** "शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः बढैयाताल गाउँपालिकाको समृद्धिको आधार" मुल नारा यस गाउँपालिकाको रहेको छ । यस बढैयाताल गाउँपालिकाको नीति तथा कार्यक्रमका निम्न बुद्दामा मुक्त

कमैया र कमलहरीका साथै उनीहरुका आश्रित परिवारलाई संबोधन गरिएका र संयुक्त तथा सवालगत रुपमा एकल संबोधन गरिएका नीतिहरु अध्ययनका क्रममा यस प्रकारका रहेका छन् ।

**नीति तथा कार्यक्रमको बुद्धा नं. ६.** सामाजिक समावेशीताका लागि एकल महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, आदीवासी जनजाति, अल्पसंख्यक(लोपोन्मुख, मधेसी, मस्लिम, पिछडावर्ग यौनिक अल्पसंख्यक) युवा, सहीद, बेपत्ता, द्वन्द्वपीडित, मुक्त कमैया, कमलहरी, वेपत्ता परिवारका सदस्य, जेष्ठ नागरीकका लागि सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी आर्थिक सहयोग तथा विशेष कार्यक्रम संचालन गरीने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.१०.** व्यवसायिक, मौसमी तरकारी खेति, आर्गेनिक तरकारी प्रवर्द्धन र विकासमा जोड दिई कृषकको आय आर्जजनमा बढात्तरी गरिने छ । सहिद, वेपत्ता परिवार, मुक्त कमैयाका लागि र पालिका भित्रका भूगोल समेत अध्ययन गरी जहाँ जुन स्थानमा खाद्य तथा नगदे वालि लगाउन उपयुक्त हुने हो सो को पहिचान गरी वीउ विजनमा अनुदान दिने व्यवस्था मिलाईने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.७.** सुकुम्वासी, मुक्त कमैया, सहिद, वेपत्ता, एकल महिला , अति विपन्न वर्ग, मधेशी, थारु, मुस्लिम, दलित महिला, अपांग कम्लहरी, जनजाति, द्वन्द्वपीडित, यौनिक अल्पसंख्यक, लोपोन्मुखद्वारा संचालित घरेलु उद्योगमा आवश्यक सहयोग गरिने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.२.** ७० वर्ष माथिका सबै जातजाति, भाषभाषी तथा असहाय, घाईत, सहिद वेपत्ता परिवार, मुक्त कमैया, मुक्त कमलहरी, सुकुम्वासी, अति अशक्त अपांगता तथा जेष्ठ नागरिकहरुका लागि स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा प्रभावकारी रुपमा संचलान गर्न संघीय र प्रदेश सरकार अन्य निकायसंगको समन्वय र सहकार्यका लागि पहल गरिने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.२.** बढैयाताल गाउँपालिकाबाट विगतमा साझेदारी रुपमा काम गरी आएका नेपालगंज मेडिकल कलेज कोहलपुर र नयाँ स्थापित लुम्बिनी प्राविधिक विश्वविद्यालयको संचालन पश्चात संस्थासँग समन्वय गरी गरिब जेहेन्दार, अति विपन्न, दलित, मुक्त कमैया, अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम, सहिद तथा वेपत्ता परिवारका लागि छात्रवृतिका लागि पहल गरिने छ ।

**नीति तथा कार्यक्रमको बुद्धा नं.५.** मुक्त कमैया, कमलहरी, सकुम्वासी, दलित, जनजाति, विपन्न, शहिद परिवार, र द्वन्द्वपिडीत, वेपत्ता, घाईते, अपांग भएका व्यक्तिहरुका छोराछोरीलाई अन्य प्राविधिक शिक्षामा आवश्यक छात्रवृतिको व्यवस्थाको पहल गर्नुका साथै सडक बालबालिका, विपन्न टुहुरा बालबालिकालाई शिक्षा दिन आवाशिय विद्यालयका लागि सम्वन्धित निकायसँग सहकार्य एवं पहल गरिने छ ।

**बढैयाताल गाउँपालिका**

आर्थिक २०८०/०८१ को बजेट :यस पालिकाको कुल बजेट ८१ करोड ५७ लाख १५ हजार रहेको छ । मुक्त कमैया तथा कमलहरीका लागि शिर्षकमा विनियोजन गरिएको बजेको अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं.२**

| क.सं. | योजना तथा कार्यक्रम | शिर्षक | खर्च शिर्षक नं | श्रोत | रु. हजार |
|---|---|---|---|---|---|
| ६५ | मधेशी मुस्लिम, सकुमवासी तथा कमैया लक्षित अभिमुखीकरण तथा सचेतनामुलक कार्यकम वडा नं ८ मा | लैगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम | २२५२२ | आन्तरिक नगद | ५०। |

सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी आर्थिक सहयोग, प्राविधिक शिक्षामा आवश्यक छात्रवृतिको व्यवस्थाको, घरेलु उद्योगमा आवश्यक सहयोग जस्ता नीतिगत व्यवस्था गरिएको छ तर नीति तथा कार्यक्रम समावेस भएका विषयमा कुनैपनि बजेट शिर्षकको व्यवस्था गरिएको छैन । बजेट व्यवस्था गरिएको भएपनि मुक्त कमैया या कमलहरीका लागि मात्रै छुट्टै कुनैपनि बजेटको व्यस्था गरिएको छैन ।

मुक्त कमैया र कमलहरी लक्षित वर्गमा पर्ने नीतिगत रुपमा स्वीकार गरेको छ। यो नीति तथा कार्यक्रम र बजेट विनियोजनबीच सम्बन्ध देखिदैन भने कार्यान्वयका लागि पनि यसका आधारमा उपलब्धि हुने देखिदैन ।

**राजापुर नगरपीलका**

**नीति तथा कार्यक्रम विश्लेषण २०८०/०८१**यस नगरपालिकाको नीति तथा कार्यक्रम मध्ये मुक्त कमलहरी समुदायलाई छुन सक्ने तथा सम्वोधन गर्न सक्ने निम्न नीति तथा कार्यक्रममा रहेको छ ।

**नीति तथा कार्यक्रममा** ...दलित, अपांग, एकल महिला, मुक्त कमलहरी, महिला उद्यमीलाई सबै किसिमका तालिममा ५० प्रतिशत सहभागिता गराउने नीति लिईने छ ।

**राजापुर नगरपीलका**

आर्थिक वर्ष २०८०/०८१ को बजेटः यस आर्थिक वर्षमा १ अर्ब १६ करोड ८४ लाख ७० हजार बजेट रहेको छ । यस नगरपालिकाको कार्यालय तथा वडाबाट विभिन्न प्रकारका शिर्षकमा अन्य समुदायसँग मुक्त कमैया तथा कमलहरीका लागि बजेट तथा कार्यक्रम विनियोजन गरिएको छ। यसका साथै नगरपालिका क्षेत्रमा काम गर्ने अन्य गैरसरकारी संख्याको नाम र बजेट पनि नगरपालिकाको बजेट तथा कार्यक्रममा समावेस छ।

**तालिका नं.३**

| **क.सं.** | **योजना तथा कार्यक्रम** | **श्रोत** | **रु.हजारमा** |
|---|---|---|---|
| २१ | मुक्त कमलहरीको लागि क्षमता अभिबृद्धि तथा आयआर्जन कार्यक्रम | राजस्व बाँडफाँड | ७०० |
| **वडागत कार्यक्रम र विनियोजन गरिएको बजेट** | | | |
| | **वडा नं १** | | |
| ३ | बडघर र कृषकहरुलाई भ्रमण | राजस्व बाँडफाँड | २६० |
| | **वडा नं २** | | |
| २ | मुक्त कमलहरीहरुलाई व्यवसायिक बंगरपालन तालिम | राजस्व बाँडफाँड | ३० |
| | **वडा नं ३** | | |
| १ | मुक्त कमलहरी, मुक्त कमैया, किसान र दलितहरुलाई व्यवसायिक पशुपालन तालिम | राजस्व बाँडफाँड | १५०। |
| | **वडा नं. ६** | | |
| १ | मुक्त कमैया कमलहरी, सुकुमवासी तथा खलितहरुलाई व्यवसायित तरकारी खेति तालिम | राजस्व बाँडफाँड | ७० |
| | **वडा नं १०** | | |
| ५ | द्वन्द्व पीडिछ, मुक्त कमलहरी, दलित, जनजाति, महिला, मधेशी र पिछडा गर्वलाई व्यवसायित तालिम । | राजस्व बाँडफाँड | १२०। |

राजापुर नगरपालिका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको आर्थिक वर्ष २०८०/०८१ मा बजेट यस नगरपालिकाको नीति तथा कार्यक्रममा मुक्त कमैयाको नाम समेत उल्लेख गरिएको छैन तर बजेट तथा कार्यक्रममा वडाहरुले मुक्त कमैयाका

लागि अन्य समुदाय सहित बजेट विनियोजन गरिएको बजेटमा व्यवस्था छ। यसका साथै कारण र तथ्य जे जस्तो भएपनि मुक्त कमैयाका लागि पालिका तह भन्दा वडाबाट विनियोजन भएको बजेटले मुक्त कमैयालाई आर्थिक रुपमान्तरमा सेवा हुने देखिन्छ । यस पालिकाकामा गैरसरकारी क्षेत्रबाट मुक्त कमैयाका लागि सात करोड सैतिस लाख एकाउन्न हजार चार सय अन्ठानब्बे विनियोजन हुनु उल्लेख्य छ । तर संस्थाले विनियोजन गरिएको बजेट कुन शिर्षकमा कसरी खर्च हुने त्यसको बारेमा उल्लेख भएको देखिदैन। यसका साथै शिर्षक सहित यस परियोजनामा काम गर्ने सेवा सहयोग मात्रैको यो बजेट हो या सम्पूर्ण(जनशक्ति पारिश्रमिक) सहितको हो त्यसको जानकारी उल्लेख गरिएको छ।

**गेरुवा गाउँपालिका**

**आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम :**"समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार, कृषि पर्यटन र पूर्वाधार" भन्ने मुल नाराका रहेको छ । यस गाउँपालिकाको नीति तथा कार्यक्रममा मुक्त कमैया, कमलहरी र उनीहरुका परिवारका लागि गाउँपालिकाले निम्न प्रकारका नीति पारित गरेको छ।

**नीति तथा कार्य क्रमको बुँदा नं १७.** महिला, दलित, अपांग भएका नागरिक, अल्पसंख्यक, मुक्त कमलहरी तथा पिछडिएको वर्ग र सिमान्तकृत समुदायलाई राज्यको मूलधारमा ल्याउन लैंगिक समानतालाई विशेष जोड दिदै शिक्षक सेवा तथा लोकसेवा कक्षा संचालन गर्ने व्यवस्था मिलाईने छ।

**गेरुवा गाउँपालिका**

**आर्थिक वर्ष २०८०/०८१ बजेट:** यस गाउँपालिकाको कुल बजेट ५६ करोड ७ लाख ३१ हजार १८० रहेको छ। नीति तथा कार्यक्रममा मुक्त कमलहरी परिवारका लागि अन्य समुदायको सँगसँगै सेवाका लागि बजेट विनियोजन गरिएको देखिन्छ।

तालिका नं.४

| क्र.सं. | योजना तथा कार्यकम | श्रोत | रु. हजारमा |
|---|---|---|---|
| २२२ | शिक्षक सेवा तथा लोक सेवा कक्षा संचालन कार्यक्रम (महिला, दलित, अपांगता, अल्पसंख्यक, मुक्त कमलहरी, पिछडीएको वर्ग र सिमान्तकृत समुदायलाई प्राथमिकता) | राजस्व बाँडफाड संघीय सरकार | २०० |
| २३२ | HIV संक्रमित व्यक्तिहरु, सहिद, वेपत्ता, घाईते, द्वन्द्वपीडित, मुक्त कमलहरी, कमैयालाई मनोपरामर्श र सचेतनामुलक कार्यक्रम संचलान गर्ने | राजस्व बाँडफाड संघीय सरकार | १०० |
| २६४ | मुक्त कमैया कमलहरी लक्षित कार्यकम | राजस्व बाँडफाड संघीय सरकार | २० |

यस गाउँपालिकाको नीति तथा कार्यक्रममा मुक्त कमैया परिवारका बारेमा कुनैपनि संबोधन गरिएको छैन। त्यस कारण पनि मुक्त कमैयाका लागि कुनैपनि शिर्षकमा बजेट विनियोजन गरिएको पाइदैन । नीति तथा कार्यक्रममा समावेस गरिएको मुक्त कमलहरी एकल प्राथमिकता नपाएको देखिन्छ। यस नगरपालिकोको नीति तथा कार्यक्रमले समेटन नसकेको अवस्था छ भने बजेटमा पनि मुक्त कमैया कमैया समुदायको लागि वजेट विनियोजन हुन नसकेको अवस्था छ।

## निष्कर्ष

मुक्त कमैया र कमलहरी सहित उनीहरुका आश्रित परिवारको गास, बास, रोजगारी, शिक्षा, स्वास्थ्य तथा मानवीय सेवा र सुविधा जो राज्यले अनिवार्य नागरिकका लागि प्रदान गर्नु पर्दछ त्यसको सुरुवात बर्दिया जिल्लाका चार वटा स्थानीय तहले सुरुवात गर्नु यो सुखद तथा प्रसंसनीय कार्य हो। तर यो कार्य स्थानीय सरकारले जिम्मेवारी बोधका आधारमा भएको हो

या अधिकारवाला वा अन्य दवाव समूहको पैरवी तथा दवावबाट भएको हो पुनः अध्ययनको विषय हो । शासन व्यवस्थाको संरचगत रुपमा परिवर्तन भएको समयमा मुक्त कमैयाको अस्थित्व र उनीहरुको पुनःस्थापना, बृद्धि विकास तथा अन्य नीतिगत जिम्मेवारीबाट संघीय सरकार पूर्णरुपमा जिम्मेवारी बाहिर भएको तथ्य देखिन्छ । किन भने राज्यको निर्देशक सिद्वान्त सम्ममा मुक्त कमैया लगायतको व्यवस्थापनको संबैधानिक व्यवस्था, कमैया श्रम निषेध गर्ने सम्बन्धि ऐन २०५८ सम्मका आधार संघीय सरकारको जिम्मेवारी हो । नत संघीय सरकारले जिम्मेवारी वहन गरेको देखिन्छ न जिम्मेवारी हस्तान्तरण गरेको देखिन्छ । यो पूर्ण रुपमा गैर जिम्मेवारी देखिएको अवस्थामा स्थानीय सरकारले विशेष नीति, विगतको इतिहास र वर्तमानमा जीवन गुजरा चलाएका मुक्त कमैयाका लागि यो बार्षिक नीति तथा कार्यक्रम र बजेटमा संगोलमा अन्य गरिब, विपन्न र पीडित सरहको सेवा र सुविधानमा प्रदान गर्नु राज्यको नीति अनुसार नभएपनि सुरुवातको प्रयास स्वीकार युक्त हो । यसलाई मुक्त कमैयाले अवसरको रुपमा लिनु पर्दछ भने स्थानीय सरकारले संवैधानिक तथा नीति अधिकार नागरिकलाई सेवा र समतामूलक समाज निर्माणमा कर्तव्य ठानेर निरन्तरता दिनु पर्दछ । अझ देशको मुल कानुनका आधारमा अन्य संघीय कानुनसँग नबाँझिनेगरी मुक्त कमैया, कमलहरी र उनीहरुका आश्रित परिवारलाई पुनःस्थापनाको विशेष नीतिगत व्यवस्था गरी समस्या समाधान गर्नु पर्ने अनिवार्य रहेको छ । हाल स्थानरीय तहले विनियोजन गरेको बजेटको आधार, आवश्यकता र अनिवार्यतको औचित्य सावित हुनेगरी यस्ता वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्नु पर्दछ ।

## सन्दर्भसमग्रीहरू

*भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(२०७३/२०७४)*। काठमाडौं । नेपाल सरकार
https://lawcommission.gov.np/content/13437/nepal-s-constitution
*कमैया श्रम (निषेध गर्ने )सम्वन्धि नियमावली* -२०६७, । काठमाण्डौं । नेपाल सरकार
*मुक्त कमैया समस्या समाधान आयोग गठन आदेश*-२०६५, । काठमाण्डौं । नेपाल सरकार
*भूमिहिन मुक्त कमैयालाई जग्गा खरीद गर्न दिन अनुदान सम्वन्धि कार्यविधि*२०६८, । काठमाण्डौं । नेपाल सरकार
*रोजगारीको हक सम्वन्धि ऐन*-२०७५ । काठमाण्डौं । नेपाल सरकार
*मुक्त कमैयाको अध्ययन प्रतिवेदन*-२०७९ । हातेमालो संचार समूह । बाँके
*मुक्त कमैया, कम्लहरी, हलिया, हरुवा चरुवाको अध्ययन प्रतिवेन*-२०७८, ।नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
*मुक्त कमैया पुर्नस्थापना प्रतिवेदन भूमिसुधार कार्यालय*-२०७१, । गलरीया । बर्दिया
Gheruwa Gaupalika (Geruwa Rural Municipality). (n.d.). *नीति तथा कार्यक्रम २०८०/८१* [Policy and programs 2080/81] [PDF]. Retrieved from https://geruwamun.gov.np/sites/geruwamun.gov.np/
Gheruwa Gaupalika (Geruwa Rural Municipality). (n.d.). *Final Red Book* [PDF]. Retrieved from https://geruwamun.gov.np/sites/geruwamun.gov.np/files/Final%20Red%20Book.pdf
Gheruwa Gaupalika (Geruwa Rural Municipality). (n.d.). *Home page*. Retrieved August 11, 2025, from https://geruwamun.gov.np
Badhaiyatal Gaupalika (Badhaiyatal Rural Municipality). (n.d.). *Home page*. Retrieved August 11, 2025, from https://badhaiyatalmun.gov.np
Badhaiyatal Gaupalika (Badhaiyatal Rural Municipality). (n.d.). *1.3.2.1* [PDF]. Retrieved from https://badhaiyatalmun.gov.np/sites/badhaiyatalmun.gov.np/files/1.3.2.1.pdf
Rajapur Gaupalika (Rajapur Rural Municipality). (n.d.). *Home page*. Retrieved August 11, 2025, from https://rajapurmun.gov.np
Rajapur Gaupalika (Rajapur Rural Municipality). (n.d.). *Official files and documents*. Retrieved August 11, 2025, from https://rajapurmun.gov.np/sites/rajapurmun.gov.np/files
Bansgadhi Municipality. (n.d.). *Home page*. Retrieved August 11, 2025, from https://bansgadhimun.gov.np
Bansgadhi Municipality. (n.d.). *नीति तथा कार्यक्रम* [Policy and program] [PDF]. Retrieved from https://bansgadhimun.gov.np/sites/bansgadhimun.gov.np/files/niti%20tatha%20prgrm.pdf

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
A Multidisciplinary Peer-Reviewed Research Journal, Indexed in NepJOL
Volume: 4 Issue: 2, Year 2025

Bansgadhi Municipality. (n.d.). [PDF file]. Retrieved from https://bansgadhimun.gov.np/sites/bansgadhimun.gov.np/files/.pdf
https://www.loksambad.com/news/27601
चौधरी, चन्द्रप्रकाश (२०८१) *कुराकानी* भदौ ९